# CCS ELEVATE

## COLUMBUS ALTERNATIVE HIGH SCHOOL

नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र तिनीहरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($१०० मिलियन) लेवी पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी २०२४ को शुरुमा डिस्ट्रक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।




यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गऱ्यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।

सुपरिटेन्डेन्टको सामुदायिक सुविधा टास्क फोर्सले बोर्ड अफ एजुकेशनलाई म्याकगफ्फीमा अवस्थित सुविधालाई बन्द गर्न सिफारिस गर्दछ। **Columbus Alternative High School/कलम्बस अल्टर्नेटिभ हाई स्कूल (१९२६ मा स्थापित)** प्रोग्रामिङलाई ईस्ट (पूर्वी) हाई स्कूल समुदायमा स्वागत गरिनेछ।




इस्ट हाई स्कूल (१९२३ मा स्थापित) स्कूलको ९५८ विद्यार्थीहरूलाई सेवा गर्ने क्षमता छ; यद्यपि, २०२३-२०२४ स्कूल वर्षमा ३८१ विद्यार्थीहरू मात्र भर्ना भएका छन् जसको वर्तमान उपयोग दर ४३ % हुन आउछ।

कलम्बस अल्टर्नेटिभ हाई स्कूल (सि ए एच एस) लिन्डेन छिमेकमा अवस्थित छ र हाल ७५२ विद्यार्थीहरू भर्ना भएका छन्। हालको म्याकगफ्फीमा अवस्थित भवन मूल रूपमा एउटा एलिमेन्ट्री स्कूलको रूपमा डिजाइन/स्थापना गरिएको थियो। कलम्बस अल्टर्नेटिभ हाई स्कूल (सि ए एच एस) लाई इस्ट हाई स्कूलको भवनमा सार्दा यो योजनाले मर्मत गरिएको ठाउँमा विकास गर्ने अवसर प्रदान गर्दै हाम्रो समुदायमा अघिल्लो लगानी र नवीकरण गरिएको इस्ट हाई स्कूलको भवनको राम्रो प्रयोगलाई सम्मान पनि गर्दछ। सि ए एच एस (CAHS) सँग इस्ट हाई स्कूलको सुन्दर ढंगले मर्मत गरिएको थियेटरमा फस्टाउँदै जाने कला कार्यक्रम पनि छ। सि ए एच एस (CAHS) का विद्यार्थीहरूलाई ईस्ट हाई स्कूलमा सजिलैसंग समायोजन गर्न पनि सकिन्छ। छिमेकको पुनर्विकास हुनासाथ सीमानामा हुने परिवर्तनहरूको अन्वेषण गर्न ईस्ट हाई स्कूल वरपरका विद्यार्थी र परिवारहरूसँग काम गर्ने अवसरहरू हुनेछन्। ईस्ट हाई स्कूलसँग ईस्ट ब्रॉड स्ट्रिटबाट डाउनटाउन इन्टर्नशिप अवसरहरूकालागि सि ओ टि ए (COTA) बस सेवाको सजिलो पहुँच छ।

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS